संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -५४
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल भदौ २५ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:१५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा माननीय सन्तोष परियार र माननीय गंगाराम चौधरीले माननीय उपसभामुखमाथी महाअभियोग लगाउने विषय सत्तारुढ राजनीतिक पार्टीहरु सल्लाह गरेर गर्ने प्रयास लोकतान्त्रिक शासन व्यवस्थाको विपरित भएको, कैलाली जिल्लाको कैरालीमा नेपाल-भारत सीमाना क्षेत्रमा मजदुरी गरिरहेका दुई व्यक्तिलाई स्थानिय बन विभागका कर्मचारीद्वारा पक्राउ गरी भारतको लखिमपुर खिरीमा राखिएको र जरिवाना रकम तोकिएको लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० विना लामा
२. मा० विराजभक्त श्रेष्ठ
३. मा० विना जैसवाल
४. मा० शान्ति वि.क.
५. मा० शिशिर खनाल
६. मा० शेर बहादुर कुँवर
७. मा० शोभा ज्ञवाली
८. मा० सन्तोष चालिसे
९. मा० सपना राजभण्डारी
१०. मा० सरस्वती बजिमय
११. मा० सरस्वती सुब्बा
१२. मा० सराज अहमद फारुकी
१३. मा० डा० स्वर्णिम वाग्ले
१४. मा० सान्ती चौधरी
१५. मा० सिता कुमारी राना
१६. मा० सिता मिजार
१७. मा० सुमना श्रेष्ठ
१८. मा० सुशिला श्रेष्ठ
१९. मा० सुशिला थिङ
२०. मा० सुशिला सिर्पाली (ठकुरी)
२१. मा० सूर्य प्रसाद ढकाल
२२. मा० सूर्य मान तामाङ (दोङ)
२३. मा० सोबिता गौतम
२४. मा० संजय कुमार गौतम
२५. मा० हर्कमाया विश्वकर्मा
२६. मा० हरि ढकाल
२७. मा० हित बहादुर तामाङ
२८. मा० हितराज पाण्डे
२९. मा० हेमराज राई
३०. मा० हृदयराम थानी
३१. मा० ज्ञानु बस्नेत सुवेदी
३२. मा० ज्ञानेन्द्र बहादुर कार्की

तदुपरान्त विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० धनराज गुरुङ
२. मा० गोकुल प्रसाद बाँस्कोटा
३. मा० देवेन्द्र पौडेल
४. मा० डा० तोसिमा कार्की
५. मा० मेटमणि चौधरी
६. मा० ज्ञान बहादुर शाही
७. मा० सुशिला श्रेष्ठ
८. मा० अब्दुल खांन
९. मा० रेखा यादव
१०. मा० प्रभु साह
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० रामकृष्ण यादव
१३. मा० पदम गिरी
१४. मा० पूर्ण बहादुर घर्ती मगर
१५. मा० विनिता कठायत
१६. मा० राजेन्द्र बजगाई
१७. मा० सुहाङ नेम्बाङ

यसैविच माननीय रामहरि खतिवडाले नियमात्ति गर्नुहुँदै माननीय पूर्ण बहादुर घर्ती मगरले बोल्नेक्रममा “गधा” भन्ने शब्द प्रयोग गर्नुभएकोले उक्त शब्द अभिलेखबाट हटाउन माग गर्नु भएपछि सम्माननीय सभामुखले माननीय सदस्यले बोल्ने क्रममा उक्त शब्द प्रतिकको रुपमा मात्र प्रयोग गर्नुभएकोले सोही रुपमा बुझ्न आग्रह गर्नुभयो ।

तत्पश्चात प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-८ बमोजिमको प्रश्नोत्तर कार्यक्रम अन्तर्गत माननीय प्रेम सुवालले सोध्नु भएको प्रश्न नं. १९ को माननीय उपप्रधानमन्त्री एवम् सहरी विकास मन्त्री प्रकाशमान सिंहले र माननीय निशा डागीले सोध्नु भएको प्रश्न नं. २० को माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले उत्तर दिनुभयो ।

त्यसपछि अर्थ समितिका माननीय सभापति सन्तोष चालिसेले "बैंकिङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८१" पेश गर्नुभयो ।

तदुपरान्त माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदन सहितको "राष्ट्रिय सभामा उत्पत्ति भएको सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८ माथी छलफल गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा माननीय निशा डागीले सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले गणपूरक संख्या यकिन गर्न सचिवालयलाई निर्देश गर्नुभएपछि ३ मिनेटको जनाउ घण्टी बजाई उपस्थित माननीय सदस्यहरुको संख्या गणना गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा माननीय सदस्यहरुको संख्या ९० रहेकोले सम्माननीय सभामुखले गणपुरक संख्या पुगेको जानकारी गराउनु हुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तत्पश्चात शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदन सहितको "राष्ट्रिय सभामा उत्पत्ति भएको सार्वजनिक सेवा प्रशारण विधेयक, २०८१" माथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले राख्नुभएको प्रश्नको माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले जवाफ दिनुभयो ।

१. मा० सुमना श्रेष्ठ
२. मा० प्रेम सुवाल
३. मा० रघुजी पन्त
४. मा० सोबिता गौतम
५. मा० अच्यूत प्रसाद मैनाली
६. मा० प्रेम बहादुर महर्जन
७. मा० किरण कुमार साह
८. मा० मनिष झा

त्यसपछि सम्माननीय सभामुखले "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८" का सम्बन्धमा "शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८" का सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ११ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ३० सम्म "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "सार्वजनिक सेवा प्रशारण विधेयक, २०८१" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले "सार्वजनिक सेवा प्रशारण विधेयक, २०८१ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात माननीय वन तथा वातावरण राज्यमन्त्री रुपा वि.क. ले "मोन्ट्रियल प्रोटोकलको किगाली संशोधन" पेश गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल भदौ २६ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ०५:३५ बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव